श्री सर्वोच्च अदालतबाट
नक्कल ... को ... सक्कल बमोजिम
सारी लान लाने दस्तुर लिई सक्कल दिनु पाना १ को
रु. ... का दरले जम्मा पाना ... को
रु. ... मिति: ...

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री नृपध्वज निरौला
आदेश
०८२-WO-१११६
मुद्दाः उत्प्रेषणसमेत।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ लाजिम्पाटस्थित नेपाल मिडिया सोसाइटीको अख्तियार प्राप्त अधिवक्ता अनन्तराज लुइटेल ---------१ — निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ------------------------------------------------------------------१ — प्रत्यर्थी
ऐ.ऐ.को प्रशासन शाखा ---------------------------------------------------१
सूचना प्रविधि तथा सञ्चार मन्त्रालय, सिंहदरवार काठमाडौं ----------------१

०८२-WO-१११३
मुद्दाः उत्प्रेषणसमेत।

जिल्ला रौतहट गरुडा नगरपालिका वडा नं.८ मा बस्ने गोपीचन साह तेलीको छोरा राहुलकुमार साह ---------------------------------------------१ — निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरदवार -------------------१ — प्रत्यर्थी
ऐ.ऐ. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ------------------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२),(३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छः-

तथ्य खण्ड

रिट नं. ०८२-WO-१११६ को रिट निवेदनको सङ्क्षिप्त व्यहोरा

१. निवेदक नेपाल मिडिया सोसाइटी राष्ट्रियस्तरका निजी दैनिक पत्रिका तथा अन्य

सञ्चारमाध्यमका प्रकाशकहरूको छाता संस्था हो। प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२।१२।१८ मा च.नं. ३११/३४९८ को पत्र तथा सोही मितिको सचिवस्तरीय निर्णयबाट मातहतका सरकारी निकायहरूलाई सरकारी सूचना तथा विज्ञापन सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्देशन दिइएको छ। उक्त निर्णय तथा परिपत्रले निजी सञ्चारमाध्यममाथि विभेदपूर्ण व्यवहार गरी संविधानको धारा १८ बमोजिमको समानताको हक, धारा १९ बमोजिमको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र धारा २७ बमोजिमको सूचना प्राप्त गर्ने अधिकारमा प्रतिकूल असर पारेको हुँदा प्रस्तुत निवेदन लिई उपस्थित भएका छौं। नेपालको संविधानको धारा १७, १८, १९ र २७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, पेशा तथा व्यवसाय गर्ने स्वतन्त्रता, समानताको हक र सूचना प्राप्त गर्ने अधिकारको प्रत्याभूति गरेको छ। संविधानले सीमित अपवादबाहेक सञ्चारमाध्यममाथि प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण तथा विभेदपूर्ण व्यवहारलाई स्वीकार गरेको देखिँदैन।

प्रत्यर्थीबाट जारी मिति २०८२।१२।१८ को सचिवस्तरीय निर्णय तथा च.नं. ३११/३४९८ को परिपत्र विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ विपरीत भई संविधानको धारा १७, १८, १९ र २७ द्वारा प्रत्याभूत मौलिक हकहरूमा अनुचित बन्देज लगाएको हुँदा संविधानको धारा १३३(२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा उक्त निर्णय बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्नु नगराउनु भनी विपक्षी निकायका नाममा प्रतिषेध मिश्रित परमादेश समेत जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको नेपाल मिडिया सोसाइटीकोतर्फबाट दायर भएको रिट निवेदन।

**<u>रिट नं. ०८२-WO-१११३ को रिट निवेदनको सङ्क्षिप्त व्यहोरा</u>**

२. निवेदक राहुलकुमार साहले मिति २०८२।०८।०९ मा कम्पनी ऐन, २०६३ बमोजिम यात्री पोष्ट मिडिया प्रा.लि. दर्ता गरी सञ्चार व्यवसाय सञ्चालन गर्दै आएको छु। प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२।१२।१८ मा च.नं. प्र.शा./३११/३४९८ को पत्र तथा सचिवस्तरीय निर्णयका आधारमा मन्त्रालय, आयोग, सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा स्थानीय तहलाई सरकारी सञ्चार माध्यममा मात्र सूचना तथा विज्ञापन प्रकाशन/प्रसारण गर्न परिपत्र जारी गरिएकोबाट निजी सञ्चारमाध्यमलाई विभेदपूर्णरूपमा वञ्चित गरिएको, जसबाट संविधानद्वारा प्रत्याभूत अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, समानताको हक, सूचना प्राप्त गर्ने अधिकार तथा पेशा-व्यवसाय गर्ने स्वतन्त्रतामा आघात पुगेको भन्दै संविधानका धारा १७, १८, १९, २७, ४६, ५०(३), १३३ र २३२, सार्वजनिक

खरिद ऐन, २०६३ तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको उल्लङ्घन भएको अवस्था छ।

अतः विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२।१२।१८ मा गरिएको सचिवस्तरीय निर्णय तथा सोका आधारमा जारी च.नं. प्र.शा./३११/३४९८ को परिपत्र अधिकारक्षेत्रविहीन (Ultra Vires), असंवैधानिक तथा कानूनविपरीत भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी राज्यकोषबाट खर्च हुने लोककल्याणकारी तथा अन्य सार्वजनिक विज्ञापनहरू वितरण गर्दा सञ्चार माध्यमको पहुँच, प्रभावकारिता र लोकतान्त्रिक मूल्य मान्यताका अधारमा निजी तथा सरकारी सम्पूर्ण सञ्चार माध्यमलाई समानुपातिक विज्ञापन प्रणालीबमोजिम न्यायोचित वितरण गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश समेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको राहुलकुमार साहले दायर गरेको रिट निवेदन।

**कारण देखाउ आदेश**

३. यसमा निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो? सोको आधार र कारणसहित बाटोको म्यादवाहेक सूचना म्याद पाएका मितिले पन्ध्र दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

साथै, अन्तरिम आदेश माग भएतर्फ विचार गर्दा एकातर्फ प्रेस स्वतन्त्रताको हकमा प्रतिकूल असर परेको भन्ने निवेदन दावी देखिन्छ भने अर्कोतर्फ नेपाल सरकारको मिति २०८२।१२।१८ को परिपत्रबाट सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रशारणमा एकरुपता र पारदर्शिता ल्याउन सचिवस्तरिय निर्णय भएको भन्ने देखिँदा विषयवस्तुको प्रकृति र गम्भीरता हेर्दा अन्तरिम आदेश जारी हुने नहुने निष्कर्षमा पुग्न दुवै पक्षहरु राखी छलफल गरी निष्कर्षमा पुग्नु मनासिब देखिन्छ। तसर्थ, सो प्रयोजनको लागि २०८२।१२।३० गतेको छलफलको मिति तोकिदिएको छ। यो आदेशको जानकारी दुवै पक्षलाई दिई नियमानुसार पेश गर्नु भन्नेसमेत व्यहोराको दुवै रिट निवेदनमा मिति २०८२।१२।२४ मा यस अदालतबाट भएको आदेश।

**दुवै रिट निवेदनमा प्रत्यर्थीहरूको परेको एकै व्यहोराको लिखित जवाफ**

४. नेपाल सरकारले मिति २०८२।१२।१८ मा सरकारी सञ्चार माध्यममा मात्र

सूचना प्रकाशन/प्रसारण गर्ने सम्वन्धमा गरिएको निर्णय सरकारको खर्च प्रणालीसँग मात्र सम्बन्धित छ। सरकारले आफ्नो बजेट र स्रोत अनुसार सरकारी खर्चमा मितव्ययीता कायम गर्न र विज्ञापन तथा सूचना प्रकाशन वा प्रसारणमा एकरुपता कायम गरी पारदर्शिता ल्याउन यो निर्णय गरेको हो। सरकारी सञ्चार माध्यममार्फत सूचना र विज्ञापन गर्दा अनियमितता र दुरुपयोग रोकी भ्रष्टाचार नियन्त्रण गर्न सार्वजनिक खर्चमा पारदर्शिता कायम गरी जवाफदेहिता सुनिश्चित गर्ने अभिप्राय रहेको छ। सरकारी विज्ञापन पाउनु कुनै मौलिक अधिकार नभई सरकारद्वारा प्रदान गरिने सुविधा हो। सरकार पनि एक विज्ञापनदाता हो, जसअनुसार विज्ञापन वा सूचना कसलाई दिने भन्ने अधिकार विज्ञापनदातामा नै निहित हुन्छ। लोककल्याणकारी विज्ञापन लगायतका विषयवस्तु सम्वन्धित कानून बमोजिम नै हुनेछन्। निजी सञ्चार माध्यमले आफ्नो विचार, समाचार र विश्लेषण स्वतन्त्ररुपले प्रकाशन र प्रसारण गर्न पाउने अधिकारमा रोक लगाइएको छैन। संविधानले प्रत्याभूत गरेको प्रेस र अभिव्यक्तिको स्वतन्त्रतासँग प्रस्तुत निर्णयको कुनै सम्बन्ध नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रत्यर्थी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकोतर्फबाट परेको लिखित जवाफ।

५. नेपाल सरकारले मिति २०८२।१२।१८ मा सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्वन्धमा गरिएको निर्णय सरकारको खर्च प्रणालीसँग मात्र सम्बन्धित छ। आर्थिक नीति एवं सोको कार्यान्वयनमार्फत समग्र व्यवसाय प्रवर्द्धन र सेवा विस्तारका लागि सकारात्मक सोचका साथ सरकारले सार्वजनिक निकायबाट प्रकाशन र प्रशारण गरिने सूचनाहरु सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यमबाट प्रशारण र प्रकाशन गर्नुपर्ने निर्णय गरेको हो। सरकारले आफ्नो बजेट र स्रोत अनुसार सरकारी खर्चमा मितव्यायीता कायम गर्न र विज्ञापन तथा सूचना प्रकाशन वा प्रसारणमा एकरुपता कायम गरी पारदर्शिता ल्याउन यो निर्णय गरेको हो। सरकारी सञ्चार माध्यममार्फत सूचना र विज्ञापन गर्दा अनियमितता र दुरुपयोग रोकी भ्रष्टाचार नियन्त्रण गर्न सजिलो हुन्छ। सरकारी विज्ञापन पाउनु कुनै मौलिक अधिकार नभई सरकारद्वारा प्रदान गरिने सुविधा मात्र हो। निजी सञ्चार माध्यमले आफ्नो विचार, समाचार र विश्लेषण स्वतन्त्र रुपले प्रकाशन र प्रसारण गर्न पाउने अधिकारमा रोक लगाइएको छैन। संविधानले प्रत्याभूत गरेको प्रेस र अभिव्यक्तिको स्वतन्त्रतासँग प्रस्तुत निर्णयको कुनै सम्बन्ध नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको मिति २०८३।०१।०९ मा प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सोही कार्यालयको प्रशासन शाखाकोतर्फबाट परेको एकै व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ।

अन्य आदेश

६. यसमा अन्तरिम आदेश छलफलको लागि पेश हुनुपर्नेमा कजलिष्टको कैफियतमा निवेदन फिर्ता भन्ने उल्लेख भई बन्दीप्रत्यक्षीकरणको निवेदन भन्दा क्रमसंख्यामा माथि परेको र सरकारी वकिललाई पेशीको सूचना समेत दिएको नदेखिँदा उपरोक्त प्रक्रिया पुर्‍याई अन्तरिम आदेश छलफलको लागि ०८२-WO-१११३ को निवेदन समेत साथै राखी नियमानूसार गरी पेश गर्नू भन्नेसमेत व्यहोराको मिति २०८३।०२।२९ मा यस अदालतबाट भएको आदेश।

७. यसमा, नेपाल सरकार सचिवस्तरीय मिति २०८२।१२।१८ को निर्णय सहितको फाइल महान्यायाधिवक्ता कार्यालयमार्फत झिकाई लगाउमा रहेको मुद्दा ०८२-WO-१११६ समेतलाई साथै राखी अन्तरिम आदेश छलफलको लागि मिति ०८३।३।१९ को पेसी तोकी सोको सूचना पक्षलाई दिई नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको मिति २०८३।०३।१२ मा यस अदालतबाट भएको आदेश।

८. यसमा यस अदालत संयुक्त इजलासको मिति २०८२।०३।१२ को आदेशमा नेपाल सरकार (सचिवस्तर) को मिति २०८२।१२।१८ को निर्णय फायल सहित अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि आउन महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिनु भनी आजको पेशी तोकिएकोमा आदेशानुसार महान्यायाधिवक्ताको कार्यालयलाई सूचना/जानकारी दिएको पत्र (Online) मा निर्णय फायलको विषय उल्लेख नभएको र पेशीको सूचना समेत आजै गएको कारण आवश्यक मिसिल कागजात प्राप्ति एवं तयारी गर्न समयाभाव रहेको भनी विद्वान् महान्यायाधिवक्तासमेतले इजलासमा जानकारी गराउनु भएकोले प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने नपर्ने सम्बन्धमा छलफलको लागि मिति २०८३।०३।२२ सोमबारको पेसी तोकी उक्त पेसीमा मिति २०८२।१२।१८ को सक्कलै निर्णय फायलसहित उपस्थित हुन भनी महान्यायाधिवक्ताको कार्यालयलाई आजै जानकारी दिई अन्य पक्षहरुलाई समेत जानकारी गराई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०८३।०३।१९ मा यस अदालतबाट भएको आदेश।

## यस अदालतको ठहर आदेश

९. नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा प्रकाशन भई अन्तरिम आदेशको छलफलका लागि भनी पेश भएको भएतापनि सबै प्रत्यर्थीहरूको लिखित जवाफ परिसकेको र प्रत्यर्थी निकायबाट विवादको निर्णय फायलसमेत प्राप्त भई मुद्दाको अङ्ग पुगिसकेको

देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (४) बमोजिम अन्तिम सुनुवाई गरी विवादको निरूपण गर्न सकिने देखियो।

१०. दुईवटै रिट निवेदन, लिखित जवाफ, निर्णय फायल तथा मिसिल संलग्न कागजातको अध्ययन गरी सुनुवाईका क्रममा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सतिशकृष्ण खरेल, श्री रमेश बडाल, डा. श्री विजयप्रसाद मिश्र, श्री ललितबहादुर बस्नेत, श्री दिनेश त्रिपाठी तथा निवेदक विद्वान् अधिवक्ता श्री अनन्तराज लुईंटेलसहित विद्वान् अधिवक्ताहरू श्री विकास भट्टराई, डा. श्री प्रेमराज सिलवाल, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री रामप्रसाद पुडासैनी, श्री दुर्वासा लुईंटेल तथा श्री विशाल थापाले सरकारी निकायका सूचना तथा विज्ञापनहरू सरकारी स्वामित्वका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने सम्बन्धमा प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवबाट गरिएको निर्णय तथा सोका आधारमा जारी पत्राचार नेपालको संविधानको धारा १७, १८ र १९ द्वारा प्रत्याभूत मौलिक हक, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को प्रतिकूल, क्षेत्राधिकारविहीन तथा स्वेच्छाचारी भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदन मागबमोजिम परमादेशसमेत जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

११. प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतकातर्फबाट उपस्थित विद्वान् माननीय महान्यायाधिवक्ता डा.नारायणदत्त कँडेल, विद्वान् नायब महान्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी तथा विद्वान् सहन्यायाधिवक्ता श्री श्रीधर अर्यालले सरकारी निकायबाट प्रकाशित हुने सूचना तथा विज्ञापन सरकारी सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्ने सम्बन्धमा भएको सचिवस्तरीय निर्णय सुशासन मार्गचित्र कार्यान्वयनका क्रममा गरिएको नीतिगत निर्णय भएकाले त्यसमा अधिकारक्षेत्रको त्रुटि नरहेको, सरकारी विज्ञापन प्राप्त गर्नु निजी सञ्चार माध्यमको मौलिक अधिकार नभएको, उक्त निर्णयबाट अभिव्यक्ति स्वतन्त्रतामा कुनै बन्देज नलागेको, संघीय सरकारले आफ्नो कोषबाट हुने खर्चको सम्बन्धमा मातहतका निकायलाई आवश्यक निर्देशन दिन सक्ने तथा नीतिगत निर्णयमा अदालतले हस्तक्षेप गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्ने भनी बहस प्रस्तुत गर्नुभयो।

१२. आज निर्णय सुनाउन पेशी तारेख तोकिई निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकले चुनौती दिएको प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरिय मिति २०८२।१२।१८ को निर्णय उत्प्रेषणको आदेशले

बदर हुन सक्ने हो होइन ? निवेदन मागबमोजिमको प्रतिषेध मिश्रित परमादेशको आदेश जारी गर्न मिल्ने हो होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णयतर्फ विचार गर्दा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवम् सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यमबाट मात्र प्रकाशन तथा प्रशारणको व्यवस्था गर्ने भनी मिति २०८२।१२।१८ मा भएको निर्णय तथा सो का आधारमा भएका परिपत्र नेपालको संविधानको धारा १७ (१) (क) द्वारा प्रत्याभूत विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा १८ द्वारा प्रत्याभूत समानताको हक, धारा १९ (१) द्वारा प्रत्याभूत सञ्चारको हक, धारा २७ द्वारा प्रदत्त सूचनाको हकमा आघात पार्ने, धारा २७४ को उपधारा (१०) तथा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ का व्यवस्थाहरू, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ का विभिन्न प्रावधानहरूका विपरीत रहेकाले उत्प्रेषणको आदेशले बदर गरी प्रेस स्वतन्त्रता र अभिव्यक्तिको स्वतन्त्रतालाई खुम्च्याउने, कमजोर बनाउने कार्य नगर्नु नगराउनु भनी प्रत्यर्थी निकायका नाममा प्रतिषेध परमादेशसमेत जारी गरिपाऊँ भन्ने रिट निवेदन जिकिर रहेछ। प्रत्यर्थीहरूको लिखित जवाफमा मिति २०८२।१२।१८ को सचिवस्तरिय निर्णय तथा पत्राचार सरकारको खर्च प्रणालीसँग मात्र सम्बन्धित रहेको, सरकारी खर्चमा मितव्ययिता, विज्ञापन तथा सूचना प्रकाशन प्रशारणमा एकरूपता कायम गर्न, पारदर्शिता ल्याउन तथा अनियमितता र दुरूपयोग रोकी भ्रष्टाचार नियन्त्रण गर्न सरकारी निकायको सूचना र विज्ञापनहरू सरकारी स्वामित्वका सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गराउन गरिएको हुँदा रिट निवेदन खारेज होस् भन्ने जिकिर लिएको पाइयो।

१४. प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त उक्त कार्यालयको मिति २०८२।१२।१८ को सचिवस्तरिय विवादित निर्णयको अंश हेर्दा- *सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रशारणमा एकरूपता र पारदर्शिता ल्याउन तथा सरकारी स्वामित्वका सञ्चार माध्यमहरूको प्रवर्द्धन गर्न आवश्यक भएकाले सार्वजनिक निकायबाट सार्वजनिक खरीद लगायतका सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश र स्थानीय सरकार एवम् सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने*

*सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रशारणको व्यवस्था गर्ने निर्णय हुन* भनी टिप्पणी उठी यसरी प्रकाशन प्रशारण गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) तथा आर्थिक वर्ष २०८२।०८३ को बजेट कार्यान्वयनसम्बन्धी अर्थ मन्त्रालयको मार्गदर्शनको बुँदा नं.७७ बमोजिम उक्त खरीदलाई अधिकतम् मितव्ययी तथा प्रभावकारी हुने गरी खरीद गर्न मनासिब हुने राय साथ पेश भएको सो टिप्पणीमा "हुन्छ" भन्ने उल्लेख भएको देखिन आयो।

१५. उपरोक्त निर्णयमा तथा प्रत्यर्थीहरूको लिखित जवाफसमेतमा उल्लेख भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा **सरकारी रकम खर्च गर्ने कार्यविधि** अन्तर्गत उपनियम (१) मा रहेको प्रावधान हेर्दा, **कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्नेछ** भन्ने उल्लेख भएको पाइयो। बजेटको सीमाभन्दा बाहिर गई कार्यालय प्रमुखहरूले सरकारी खर्च गर्ने गरेको पाइएको कारणबाट सो निर्णय गरिएको वा गर्नुपरेको भन्ने अवस्था निर्णयबाट देखिँदैन। त्यस्तै, आर्थिक वर्ष २०८२।०८३ को बजेट कार्यान्वयनसम्बन्धी अर्थ मन्त्रालयको मार्गदर्शन अर्थ मन्त्रालयका सचिवले सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयका सचिवहरूलाई लेखी पठाएको विषयसँग सम्बन्धित रही सो मार्गदर्शनको बुँदा नं.७७ मा ***पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम् मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुहुनेछ।*** भन्ने उल्लेख भएको देखियो। यस्तो मार्गदर्शन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम (३) बमोजिम पठाएको भन्ने उक्त मार्गदर्शनको पहिलो पृष्ठमा उल्लेखित व्यहोराबाट देखिन आउँछ।

१६. यसप्रकार, प्रत्यर्थीहरूले उल्लेख गरेको नियमावली र मापदण्डको व्यवस्था सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रमको सीमाभित्र रही खर्च गर्ने र सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने विषयसँग सम्बन्धित रहेको भन्ने देखिएकोमा यसैको आडमा तीनै तहका सरकार एवम् सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सवै सार्वजनिक निकायहरूले सार्वजनिक खरीद लगायतका आफ्ना

सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रशारणको व्यवस्था गर्ने भनी निर्णय गरेको देखिन आयो। कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्नेछ भन्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ का नियम ३९(१) को कानूनी व्यवस्थाले प्रस्तुत निर्णयसँग कुनै तादात्म्यता राख्ने देखिएन। अर्थ मन्त्रालयका सचिवद्वारा सबै मन्त्रालयका सचिवहरूलाई पठाइएको मापदण्डको कार्यान्वयनका नाममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवले नै यस्तो निर्णय गर्न पाउने कानूनी आधार निर्णयमा उल्लेख भएको देखिँदैन। यसरी सरकारी सूचना तथा विज्ञापन प्रकाशन प्रशारण गर्न गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता सञ्चार माध्यमलाई मात्र दिने गरी निजी सञ्चार माध्यमलाई दिन बन्देज लगाएको कार्यले प्रतिस्पर्धात्मकरूपमा गुणस्तरिय सेवा दिने लिने प्रक्रियालाई निस्तेज पार्ने अवस्था एकातर्फ हुन्छ भने अर्कोतर्फ नेपालको संविधानद्वारा प्रदत्त सञ्चारको हक लगायतका मौलिक हकको प्रचलनमा प्रतिकूल प्रभाव पर्नुका साथै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ लगायतका कानूनी व्यवस्थाको प्रतिकूल हुन जाने हुँदा प्रत्यर्थीको विवादित निर्णयलाई संविधान र विद्यमान कानूनी प्रबन्धको कसीमा नै हेर्नुपर्ने हुन्छ।

१७. नेपालको संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्दै धारा १७ मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने उल्लेख भई उपधारा (२) मा अन्य कुराका अतिरिक्त प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने प्रत्याभूति गरिएको छ। त्यस्तै, धारा १८ मा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने र सामान्य कानूनको प्रयोगमा विशेष अवस्था र आधारमा बाहेक भेदभाव नगरिने गरी समानताको हकको प्रत्याभूति गरिएको छ। संविधानको धारा १९ मा कानून बनाएर केही शर्त तोकी मनासिब प्रतिबन्ध लगाउन बाहेक विद्युतिय प्रकाशन, प्रशारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकिय लेख वा रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्य-दृष्य सामग्रीको प्रकाशन तथा प्रशारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने, त्यसरी प्रकाशन, प्रशारण वा छाप्ने सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने भनी सञ्चारको हकको प्रत्याभूति गरिएको पाइयो। मौलिक हकको रूपमा प्रत्याभूत यी संवैधानिक बन्दोबस्तउपर प्रत्यक्ष वा परोक्ष जुनसुकै वा जेसुकै तवरले लगाइने प्रतिबन्ध वा

सीमाङ्कन स्वयम् संविधानका व्यवस्था र विधिको शासनको सिद्धान्तको प्रतिकूल हुन जान्छ। मौलिक हकको संरक्षकको रूपमा रहेको यस अदालतले त्यस्ता प्रतिबन्ध वा सीमालाई संविधान र कानूनको कसीमा न्यायिक पुनरावलोकनका माध्यमबाट जाँच परख गर्न सक्दछ।

१८. सार्वजनिक विज्ञापन प्राप्त गर्नु कुनै सञ्चार माध्यमको स्वतः अन्तरनिहित अधिकार नभए पनि राज्यले सार्वजनिक विज्ञापनको वितरण गर्दा मनोगत वा विभेदपूर्ण मापदण्ड अपनाउन सक्दैन। सार्वजनिक स्रोतको वितरण वस्तुगत, पारदर्शी तथा समानतामूलक मापदण्डका आधारमा हुनुपर्दछ। यसै सन्दर्भमा अर्जेन्टिनाको सर्वोच्च अदालतले *Editorial Río Negro S.A. c/ Provincia del Neuquén s/ acción de amparo.* Fallos: 330:3908[1] (Corte Suprema de Justicia de la Nación, 5 September 2007) मा सरकारी विज्ञापनको मनोगत तथा विभेदपूर्ण वितरणले अभिव्यक्ति स्वतन्त्रतामाथि अप्रत्यक्ष बन्देज सिर्जना गर्ने भएकाले राज्यले सार्वजनिक विज्ञापन वितरणमा समानता तथा वस्तुगत मापदण्ड अवलम्बन गर्नुपर्ने भनी गरेको व्याख्या यहाँ स्मरणीय छ। उक्त निर्णयमा अदालतले सरकारी विज्ञापनलाई सरकारी आलोचना गर्ने सञ्चार माध्यमलाई दण्डित गर्ने वा समर्थन गर्ने सञ्चारमाध्यमलाई पुरस्कृत गर्ने माध्यमका रूपमा प्रयोग गर्न नमिल्ने स्पष्ट गरेको पाइन्छ। त्यसैगरी, European Court of Human Rights ले *Informationsverein Lentia v. Austria*[2] तथा *Manole and Others v. Moldova*[3] मुद्दाहरूमा सञ्चार क्षेत्रमा बहुलवाद लोकतान्त्रिक समाजको आधारभूत आवश्यकता भएको उल्लेख गर्दै राज्यले सार्वजनिक सञ्चार माध्यमको प्रवर्द्धन गर्ने नाममा निजी सञ्चार माध्यमलाई कमजोर पार्न नहुने सिद्धान्त अवलम्बन गरेको पाइन्छ।

१९. नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत पूर्वशर्तका रूपमा स्वीकार गरेको छ। प्रेस स्वतन्त्रता केवल सञ्चार माध्यम, सञ्चालक वा पत्रकारको व्यवसायिक अधिकार मात्र नभई नागरिकको सूचना पाउने अधिकार तथा लोकतान्त्रिक उत्तरदायित्व सुनिश्चित गर्ने संवैधानिक संयन्त्रसमेत हो। त्यसैले, राज्यबाट सञ्चार माध्यममाथि गरिने प्रत्यक्ष

[1] Editorial Río Negro S.A. c/ Provincia del Neuquén s/ acción de amparo. Corte Suprema de Justicia de la Nación (Argentina). Fallos: 330:3908, sentencia de 5 de septiembre de 2007. (Accessed at 7/21/2026, 11:41 AM)

[2] Informationsverein Lentia and Others v. Austria. Applications nos. 13914/88, 15041/89, 15717/89, 15779/89 and 17207/90. Judgment of 24 November 1993. Series A no. 276, especially paras. 38–39. (https://hudoc.echr.coe.int/eng#{%22itemid%22:[%22001-57854%22]}) (Accessed at 7/21/2026, 3:40 PM)

[3] Manole and Others v. Moldova. Application no. 13936/02. Judgment of 17 September 2009, ECHR 2009, especially paras. 95–101. (https://hudoc.echr.coe.int/fre#{%22itemid%22:[%22001-94075%22]}) (Accessed at 7/21/2026, 1:27 PM)

प्रतिबन्ध मात्र होइन, आर्थिक, प्रशासनिक वा नियामकीय माध्यमबाट गरिने अप्रत्यक्ष नियन्त्रण पनि संविधानको धारा १९ को परीक्षणको विषय बन्ने गर्दछ। नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) को धारा १९ को व्याख्यात्मक टिप्पणी गर्दै संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले सामान्य टिप्पणी संख्या ३४ (General Comment No.34) मा राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि उपायबाट स्वतन्त्र सञ्चार माध्यमलाई कमजोर बनाउने, सूचना प्रवाहमा कृत्रिम अवरोध सिर्जना गर्ने वा राज्यको आर्थिक शक्ति प्रयोग गरी सञ्चार माध्यमबीच विभेद गर्न नहुने स्पष्ट गरेको छ। यसबाट सार्वजनिक विज्ञापनको वितरणमा पनि राज्यले निष्पक्ष, वस्तुनिष्ठ तथा समान व्यवहार गर्नुपर्ने दायित्व रहेको स्वीकार गरिएको पाइन्छ।

२०. रिट निवेदनमा उल्लेख गरिएको विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ मा भएको कानूनी व्यवस्था हेर्दा उक्त ऐनको दफा १४ मा विज्ञापनको नियमनसम्बन्धी काम गर्नको लागि एक **विज्ञापन** बोर्डको गठन हुने भई दफा १५ को खण्ड (ठ) मा सञ्चार माध्यमहरूलाई नेपाल सरकारबाट उपलब्ध गराइने सार्वजनिक हित सम्बन्धी सबै विज्ञापन तोकिएको आधारमा बोर्डमार्फत समानुपातिकरूपमा वितरण गर्ने अख्तियारी प्रदान गरेको देखिन आयो। यसबाट नेपाल सरकारबाट उपलब्ध गराइने सार्वजनिक हित सम्बन्धी विज्ञापन वा सूचना-विज्ञापन बोर्डले गर्ने वितरण गर्ने भन्नेमा विवाद रहँदैन। सोही ऐनको दफा ३२ मा रहेको व्यवस्थाले दफा १५ (ठ) को यो व्यवस्थालाई थप परिपुष्टि गरेको छ। उक्त दफा ३२ मा भनिएको छः- (१) **नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकायले लोककल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा बोर्डमार्फत गर्नुपर्नेछ र त्यस्तो विज्ञापनवापतको रकम बोर्डमार्फत खर्च गर्नुपर्नेछ।** प्रस्तुत कानूनी प्रवन्धअनुसार नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकायसमेतले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई विज्ञापन बोर्डले नै नियमन गर्न सक्ने भन्ने देखिन्छ। सोही दफाको उपदफा (२) मा नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकायहरूले कुनै विज्ञापन वा सूचना तत्काल प्रकाशन गर्नुपर्ने भएमा विज्ञापन वा सूचनाको एक प्रति बोर्डलाई उपलब्ध गराई सो वापतको रकम बोर्डबाट भुक्तानी गर्ने गरी कुनै पनि माध्यमबाट सूचना वा विज्ञापन प्रकाशन गर्न बाधा नपर्ने भन्ने भएपनि, त्यस्तो सूचना वा विज्ञापन तत्काल प्रकाशन गर्नुपर्ने भएको भन्ने निर्णयमा देखिनु पर्छ। त्यस्तो देखिएको अवस्थामा कुनै पनि माध्यमबाट कुनै विज्ञापन वा सूचना प्रकाशन गर्न

सकिएपनि कुनै मन्त्रालय वा निकायले निर्णय गरी अमुक सञ्चार माध्यमबाट मात्र प्रकाशन प्रशारण गर्नु भनी परिपत्र गर्न यो कानूनी व्यवस्थाले अख्तियारी दिँदैन। उक्त ऐनको दफा ३४ बमोजिम बोर्डले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेकोमा आफूलाई बोर्डले अधिकार प्रदान गरेबमोजिम निर्णय गरेको भनी प्रत्यर्थी निर्णयकर्ता सचिवको निर्णयबाट खुल्न आएको पनि पाइएन।

२१. प्रस्तुत विवादमा सरकारले मितव्ययिता तथा पारदर्शितालाई निर्णयको आधार बनाएको भन्ने लिखित जवाफबाट देखिएकोमा कुनै पनि प्रशासनिक वा नीतिगत निर्णय पनि संविधान तथा कानूनकै अधीनमा रहनुपर्छ भन्ने विधिको शासनको आधारभूत सिद्धान्त हो। सार्वजनिक प्रशासनमा उद्देश्य उचित भएपनि त्यसको लागि अपनाइएको उपाय संविधान तथा कानूनसम्मत हुनुपर्दछ, अन्यथा त्यस्तो निर्णय मनोगत (Subjective), स्वेच्छाचारी ( Arbitrary) र अधिकारक्षेत्रबाहिरको (Ultra Vires) मानिन्छ। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ ले सार्वजनिक विज्ञापनको व्यवस्थापन गर्ने विशेष कानूनी संयन्त्रका रूपमा विज्ञापन बोर्डको स्थापना गरी सार्वजनिक विज्ञापन वितरणको स्पष्ट विधि निर्धारण गरेको अवस्थामा सचिवस्तरीय निर्णयद्वारा उक्त कानूनी व्यवस्थालाई निष्प्रभावी बनाउने अधिकार प्रत्यर्थीलाई प्राप्त भएको देखिँदैन। जहाँ कानूनले कुनै कार्य गर्ने विशेष विधि निर्धारण गर्दछ, त्यही विधि अवलम्बन गर्नुपर्छ भन्ने प्रशासनिक कानूनको स्थापित सिद्धान्त हो। नीतिगत निर्णय पनि संविधान र कानूनभन्दा माथि हुन सक्दैन। कार्यपालिकाले नीति निर्माण गर्ने अधिकार राख्दछ, तर त्यस्तो नीतिले संविधानद्वारा प्रत्याभूत मौलिक अधिकारमा अनुचित बन्देज लगाउने, संसदबाट बनेको कानूनलाई निष्क्रिय बनाउने वा कानूनले नदिएको अधिकार प्रयोग गर्ने अवस्था सिर्जना गर्न सक्दैन। संविधान र कानूनी व्यवस्थाको वर्खिलाप गरी निर्णय गर्ने अनि त्यसलाई नीनिगत निर्णयको जामा पहिऱ्याई न्यायिक नियन्त्रण बाहिर राख्ने तर्क गर्नुलाई विधि र पद्दति अनुकूल मान्न सकिँदैन।

२२. विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम २(ख२) मा सञ्चार माध्यम अन्तर्गत सरकारी, सामुदायिक वा निजी क्षेत्रका सञ्चार जगत पर्ने स्पष्टरूपमा परिभाषित गर्दै नियम ४ मा विज्ञापन वितरण गर्ने प्रयोजनको लागि सञ्चार माध्यमको सूचीकरण र स्तर निर्धारण गर्ने, प्रकाशन वा प्रकाशन हुने विज्ञापन वा सूचनाको वर्गीकरण गर्ने, विज्ञापन एजेन्सीको अनुगमन तथा नियमन गर्ने गराउने, विज्ञापन वापतको रकम भुक्तानी प्रक्रिया पारदर्शी गर्ने गराउने लगायतका काम, कर्तव्य र अधिकार विज्ञापन बोर्डलाई रहेको देखिन्छ। सोही नियमावलीको नियम ५क मा

बोर्डले तत्काल वा निश्चित अवधिमा प्रकाशन तथा प्रशारण गर्ने विज्ञापन वा सूचनालाई वर्गीकरण गर्ने, दफा ५ख मा स्तर निर्धारण गर्ने, स्तर निर्धारण गरिएको सञ्चार माध्यमसँग सरकारी विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्ने प्रयोजनका लागि दररेट मागी उपयुक्त दररेट तय गर्ने तथा दररेट उपलब्ध नगराउने वा तय भएको दररेटमा कारोबार गर्न नचाहने सञ्चार माध्यमलाई विज्ञापन उपलब्ध नगराउने भन्नेसमेतका कानूनी प्रबन्ध रहेको देखिन्छ। यी समग्र कानूनी प्रावधानबाट सरकारी सूचना वा विज्ञापनको सञ्चार माध्यबाट प्रकाशन वा प्रशारण गर्ने गराउने काम कर्तव्य र अधिकार विज्ञापन बोर्डको रहेको देखिएकाले अमुक नियमावली वा मापदण्डको आडमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवले सरकारी विज्ञापन वा सूचना गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी सञ्चार माध्यमबाट मात्र प्रकाशन वा प्रशारण गर्नुपर्ने गरी सामुदायिक वा निजी क्षेत्रका सञ्चार माध्यमलाई बाहेक गर्ने गरी निर्णय गर्न कानूनले अख्तियारी दिएको देखिन आएन।

यसका अतिरिक्त सार्वजनिक खरीद ऐन, २०६३ को दफा १४ मा बोलपत्र आव्हानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोमा सरकारी सञ्चार माध्यमबाट मात्र प्रकाशन गर्नुपर्ने गरी सीमाङ्कन गरेको देखिँदैन। सार्वजनिक सेवा प्रशारण ऐन, २०८१ को दफा २४ मा प्रशारण फ्रिक्वेन्सीको पहिलो प्राथमिकता सार्वजनिक सेवा प्रशारण संस्था[१]लाई दिनुपर्ने सम्मको व्यवस्था रहेको देखियो। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ११ को उपदफा (२) बमोजिम उपरोक्त कानूनी प्रबन्धको विपरीत हुने गरी सचिवले यस्तो निर्णय गर्न सक्ने वा पाउने अख्तियारी प्रदान गरेको देखिँदैन।

२३. कानूनले सिर्जना गरेको पदमा रहेका पदाधिकारीले कानूनले अख्तियार गरेको काम कर्तव्य र अधिकार मात्र प्रयोग गर्न पाउँछ। नीतिगत निर्णय गर्ने तहमा रहेका पदाधिकारी वा प्रशासकिय अधिकारीले गर्ने वा गरेका नीतिगत वा प्रशासकिय निर्णयले कसैको हक अधिकार वा प्राप्त सुविधामा कानून विपरीत हुने गरी कटौती गर्न मिल्दैन। विशुद्ध प्रशासकिय निर्णयमा पनि कारण र आधार खुलाएकै हुनुपर्दछ। सरकारी विज्ञापन गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता संस्थाबाट मात्र प्रकाशन/प्रशारण गर्न दिई सामुदायिक र निजी क्षेत्रका सञ्चार

[१] सार्वजनिक सेवा प्रशारण ऐन, २०८१ को दफा ३ बमोजिम नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रशारण संस्थामा रूपान्तरण गरिएको।

माध्यमबाट प्रकाशन/प्रशारण हुन रोक लगाउने र त्यस्ता सञ्चार माध्यमलाई प्रत्यक्ष असर पर्ने गरी विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा सोही नियमावली, २०७७ समेतको विपरीत भएको निर्णयलाई विशुद्ध नीतिगत/प्रशासकिय निर्णय वा कार्य मान्न सकिँदैन र यस्तो निर्णय वा कामकारवाही न्यायिक नियन्त्रणभन्दा बाहिर रहन सक्दैन। तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवबाट भएको निर्णय तथा सो आधारमा भएका पत्राचार उपरोक्त कानूनी व्यवस्थाको कसीमा कानून विपरीत र अनाधिकृत हुँदा कायम रहन सक्ने अवस्थाको देखिएन।

२४. सरकारी वा सार्वजनिक निकायबाट भएका वा हुने काम कारवाही वा निर्णयमा निष्पक्षता, पारदर्शिता, पहुँचयोग्य, मितव्ययी र प्रभावकारी हुनैपर्दछ। प्रत्यर्थीहरूको लिखित जवाफमा सरकारले आफ्नो बजेट र स्रोत अनुसार सरकारी खर्चमा मितव्ययिता कायम गर्न, सरकारी सञ्चारमार्फत सूचना र विज्ञापन गर्दा अनियमितता र दुरूपयोग रोकी भ्रष्टाचार नियन्त्रण गर्न तथा सरकारी सञ्चार माध्यमको प्रवर्द्धन गर्न यस्तो निर्णय लिइएको भन्ने उल्लेख भएको देखिन्छ। सरकारी खर्चमा मितव्ययिता कायम गर्नु, विज्ञापन वा सूचनाको प्रकाशन प्रशारणमा हुन सक्ने अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न खोज्नुलाई सराहना नै गर्नुपर्दछ। सञ्चार माध्यम, सरकारी वा निजी होस्, सुदृढ हुनुपर्दछ। सरकारी सञ्चार माध्यमलाई सुदृढ बनाउने भन्नु अनुचित होइन। तर यस्ता कार्यसँग सम्बन्धित निर्णयहरूमा संविधान तथा कानूनको अक्षरशः पालना भएकै हुनुपर्दछ। सरकारको कुनै निर्णयले निजी क्षेत्रका सञ्चार माध्यमलाई कमजोर बनाउन मिल्दैन। माथि विभिन्न प्रकरणहरूमा उल्लेख गरिएबमोजिम सरकारी सूचना वा विज्ञापनको प्रकाशन तथा प्रकाशनको लागि कानूनले नियमनकारी निकाय तय गरेको छ। ती निकायका काम कारवाहीलाई पनि अनुगमन, नियन्त्रण र कानूनबमोजिम कारवाही गर्ने संयन्त्रहरू छन् भने ती निकायले नै प्रभावकारिताका साथ काम गर्नुपर्दछ। यसबाट नै खर्चमा मितव्ययिता, भ्रष्टाचार नियन्त्रण भई सुशासन कायम गर्ने असल प्रयास भएको मान्नुपर्दछ। तर कानूनले अख्तियार गरेका निकायलाई पन्छाई कानून विपरीत अनाधिकार निर्णय हुनुलाई कानूनको शासनमा उपयुक्त मान्न सकिँदैन। लोकतान्त्रिक शासन व्यवस्थामा राज्यले सार्वजनिक सञ्चार माध्यमको प्रवर्द्धन गर्न सक्दछ। तर त्यसका लागि निजी सञ्चार माध्यमलाई समाप्तप्रायः बनाउने वा सरकारी विज्ञापनबाट पूर्णरूपमा वञ्चित गर्ने नीति संविधानसम्मत मान्न सकिँदैन। अतः मितव्ययिता, पारदर्शिता वा सुशासनजस्ता उद्देश्य आफैँमा वैध भए पनि त्यस्ता उद्देश्य प्राप्त गर्ने नाममा संसदद्वारा निर्मित कानूनलाई

निष्क्रिय पार्ने, विज्ञापन बोर्डको वैधानिक अधिकारलाई नजरअन्दाज गर्ने, निजी सञ्चार माध्यमलाई सार्वजनिक विज्ञापनबाट पूर्ण रूपमा बहिष्कृत गर्ने तथा संविधानद्वारा प्रत्याभूत प्रेस स्वतन्त्रता, समानताको हक र अभिव्यक्ति स्वतन्त्रतामा प्रतिकूल प्रभाव पार्ने विवादित सचिवस्तरीय निर्णयलाई संविधान र कानूनसम्मत मान्न सकिने वैधानिक आधार पाउन सकिएन।

२५. रिट निवेदनमा प्रत्यर्थीको सरकारी विज्ञापन तथा सूचनाको प्रकाशन प्रशारण सरकारी सञ्चार माध्यमलाई मात्रै उपलब्ध गराउने र निजी सञ्चार माध्यमलाई नदिने कार्य तथा निर्णयले समग्रमा निजी सञ्चार माध्यमलाई नाकाबन्दीको अवस्थामा पुऱ्याई निजी सञ्चार माध्यम बन्द हुने अवस्थामा पुग्ने र अन्ततः नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकमा समेत सङ्कुचन आउने परिणाम ल्याउने भन्ने जिकिर रहेतर्फ विचार गर्दा, सरसर्ती र सतहीरूपमा हेर्दा सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रशारण गर्न पाउने निवेदकले प्रतिनिधित्व गर्ने संस्थासँग आवद्ध निजी सञ्चार माध्यमको मौलिक हक हो भन्ने प्रत्यक्षतः देखिँदैन। तर यो विषयको अन्तर्यमा पुग्न नेपालको संविधानको धारा १९ को मर्मसँग जोडेर हेर्नुपर्दछ। उक्त धारामा सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज नगरिने प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्दै बरू नियमन गर्न, केही विषय र कार्यमा कानून बनाएर मनासिव प्रतिबन्ध लगाउन सम्म सकिने व्यवस्था गरिएको पाइन्छ। निजी सञ्चार माध्यमलाई पनि राज्यले सहजीकरण तथा प्रवर्द्धन नगरिदिँदा स्वतः बन्द हुने अवस्थामा पुग्न सक्दछन्। परिणामतः प्रेस स्वतन्त्रतामा र अन्ततः नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा नै असर पुग्न जान्छ। त्यसैले, अन्तर्यमा सरकारी विज्ञापन सूचना वितरणसम्बन्धी यो विषय प्रेस स्वतन्त्रता र नागरिकको अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएको मान्न सकिन्छ।

२६. प्रत्यर्थीहरूको लिखित जवाफमा र बहसको क्रममासमेत तीन अरब जति विज्ञापन एजेन्सीले पाउने भई सरकारी रकम बढी खर्च हुने गरेको भनी उल्लेख गरेपनि त्यस्तो कुनै तथ्याङ्कीय आधार प्रस्तुत हुन सकेको अवस्था छैन। विज्ञापन (नियमन गर्ने) नियमावली, २०७६ को नियम ५ग को खण्ड (३) मा सरकारी निकायले खरीद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही **विज्ञापन एजेन्सीको सेवा लिन सक्ने** स्वेच्छिक व्यवस्था रहेको हुँदा विज्ञापन एजेन्सीमार्फत नगरी सोझै विज्ञापन बोर्डमार्फत गर्न नसकिने होइन। उपरोक्त व्यवस्थाअनुसार आवश्यकता र औचित्यका आधारमा विज्ञापन एजेन्सीको सेवा लिन सकिने सम्म हो। तर प्रस्तुत कानूनको स्वेच्छिक

प्रावधानलाई अनिवार्य शर्तको रूपमा लिई खर्च गर्ने अनि त्यस्तोमा हुने खर्च घटाउने नाममा, कानूनमा भएका अन्य व्यवस्थालाई निर्णयद्वारा निश्क्रिय तुल्याउन मिल्दैन। यसप्रकार, सरकारले सार्वजनिक तथा निजी सञ्चार माध्यमलाई भेदभावपूर्ण व्यवहार गर्ने, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रशारण गर्दा भेदभाव गरी व्यवहार गर्न मिल्ने कानूनी व्यवस्था विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा मा नै प्रतिकूल असर पर्ने गरी प्रत्यर्थीबाट भएको मिति २०८२।१२।१८ को निर्णयलाई संविधान र कानून अनुकूलको मान्न मिल्ने अवस्था देखिएन। तसर्थ, **प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवबाट मिति २०८२।१२।१८ मा भएको उपरोक्त विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकाले नेपालको संविधानको धारा १३३(२),(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।** विवादित निर्णय बदर भई निर्णय पूर्वको अवस्था कायम हुने भएकाले निवेदन माग बमोजिमका अन्य आदेशतर्फ थप बोलिरहनु परेन ।

२७. यो आदेशको प्रमाणित प्रतिलिपिसहित राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरूलाई जानकारी दिनु। प्रस्तुत आदेशको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन सफ्टवयर प्रणालीमा प्रविष्ट गरी सोको निस्सा स्वरूप आदेशको पीठमा जनाउनु। प्रस्तुत दुवै रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनु।–

(नृपध्वज निरौला)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(शारङ्गा सुवेदी)
न्यायाधीश

इजलास अधिकृतः पूजा चौधरी
फैसला लेखन कार्यमा सहयोग गर्नेः एकता पौडेल (शाखा अधिकृत)
कम्प्युटर अपरेटरः रेखा भट्टराई
इति संवत् २०८३ साल आषाढ ३० गते रोज ०३ शुभम्।